# भ्रामक सन्देशहरु सम्प्रेषण गर्न गराउन नहुने सम्बन्धमा मोबाईल सेवा प्रदायक संस्थाहरुलाई प्राधिकरणको अत्यन्त जरुरी सूचना

मोबाईल सेवा प्रदायकको नेटवर्क प्रयोग गरेर गलत तथा भ्रामक सन्देशहरु (SMS) मोबाईल सेवाका ग्राहकहरुलाई सम्प्रेषण, प्रवाह भएको विषयमा यस प्राधिकरणको गम्भिर ध्यानाकर्षण भएको छ । दूरसंचार ऐन, २०५३ को दफा ४७(३) ले "कुनै व्यक्तिले दूरसंचार सेवाको दुरुपयोग गरेमा, अनाधिकार प्रयोग गरेमा वा दूरसंचार सेवासंग सम्बन्धित कुनै सम्पति हानी नोक्सानी गरेमा प्राधिकरणले त्यस्तो व्यक्तिबाट बिगो असूल गरी बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको छ । तसर्थ मोबाईल सेवाको नेटवर्क प्रयोग गरी गलत तथा भ्रामक सन्देशहरु(SMS) मोबाईल सेवाका ग्राहकहरुलाई सम्प्रेषण, प्रवाह नगर्न नगराउन सबै मोबाईल सेवा प्रदायकहरु संस्थाहरुलाई यसै सूचना मार्फत जानकारी गराईएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरण
अनुगमन महाशाखा
श्रीकुञ्जभवन, कमलादी
काठमाडौं, नेपाल
फोन नं : ४२५५४७४ , फ्याक्स नं : ४२५५२५०
Email: info@nta.gov.np, URL: www.nta.gov.np